कर्णाली प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय

# डिभिजन वन कार्यालय रुकुम पश्चिम

मिति :- २०७८/०८/०१

पत्र संख्या : २०७८/०७९
च. नं. 969

**विषय : सूचना टाँस गरी सोको जानकारी पठाईदिनु हुन ।**

श्री जिल्ला प्रशासन कार्यालय, रुकुम पश्चिम
श्री जिल्ला समन्वय समितिको कार्यालय, रुकुम पश्चिम
श्री उद्योग वाणिज्य संघ, रुकुम पश्चिम
श्री प्रदेश लेखा इकाई कार्यालय, रुकुम पश्चिम
श्री मुसिकोट नगरपालिकाको कार्यालय, रुकुम पश्चिम
श्री चौरजहारी नगरपालिकाको कार्यालय, रुकुम पश्चिम
श्री आठविसकोट नगरपालिकाको कार्यालय, रुकुम पश्चिम
श्री बाँफिकोट गाउँपालिकाको कार्यालय, रुकुम पश्चिम
श्री त्रीवेणी गाउँपालिकाको कार्यालय, रुकुम पश्चिम
श्री सानीभेरी गाउँपालिकाको कार्यालय, रुकुम पश्चिम
श्री सामुदायिक वन उपभोक्ता महासंघ, रुकुम पश्चिम

प्रस्तुत विषयमा यस कार्यालयको मिति :- २०७८/०८/०१ गते नयाँ युगबोध, राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना तहां कार्यालयको सूचना पाटिमा टाँस गरि सोको जानकारी यस कार्यालयमा पठाईदिनु हुन नयाँ युगबोध, राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन भएको सूचनाको प्रतिलिपि पाना ६ (छ) यसै पत्र साथ संलग्न राखि पठाइएको व्यहोरा सादर अनुरोध छ ।

महेश कुमाइ
नि. डिभिजनल वन अधिकृत

पास्नलल गनुभएका थिया ।

# डिभिजन वन कार्यालय रुकुम पश्चिम

## प्रस्ताव पत्र आह्वान सम्बन्धी सूचना !

प्रथम पटक प्रकाशित मिति : २०७८।०८।०१ गते

चालु आ.ब. ०७८।०७९ को लागि उद्योग, पर्यटन, वन तथा बातावरण मन्त्रालय कर्णाली प्रदेश सुर्खेतबाट यस कार्यालयको स्वीकृत तपसिलमा उल्लेखित कार्यक्रमहरु सञ्चालनको लागि इच्छुक कृषक/व्यवसायी/उद्यमी/सहकारी/समुह/समुदाय/संस्थाबाट व्यवसायिक योजनासहित प्राविधिक तथा आर्थिक प्रस्ताव सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र यस कार्यालयमा पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको छ। पूर्ण व्यहोराको सूचनाको बिवरण डिभिजन वन कार्यालय, जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समितिको कार्यालय, उद्योग बाणिज्य संघ, ६ वटै पालिका र प्रदेश लेखा इकाइ कार्यालय रुकुम पश्चिमको कार्यालयको सूचनापाटीमा टाँस गरिएको छ ।

**तपसिल**

| सि नं | कार्यक्रमको नाम | इकाइ | बजेट रु. लाखमा | कैफियत |
|---|---|---|---|---|
| १ | निजी वन प्रवर्द्धन कार्यक्रम | प्याकेज | ४ | निजी जग्गामा बनजन्य/जडिबुटी/फलफूल/डालेघाँस लगाइ हुर्काउने निजी वन धनी/व्यक्ति वा संस्थाले प्रस्ताव पेश गर्ने |
| २ | साझेदारीमा कृषि वन प्रवर्द्धन कार्यक्रम | १ (परिमाण) | ४ | कृषक/फर्म/समूह/सहकारी/उपभोक्ता समूह |
| ३ | जडिबुटी विशेष क्षेत्र विकास कार्यक्रम | प्याकेज | १० | त्रिवेणी ९, आठबिसकोट ११ र १४, मुसिकोट १, बाँफिकोट ६ र ७, सानीभेरी १ र ६ र सन्नि त्रिवेणी २ का बडाहरुका समूह/जडिबुटी (फर्म, व्यवसायी, उद्यमी, कृषक)/सहकारीले टिमुर, चिउरी, लौठ सल्ला, काउलो, तेजपात र रोजमेरीको उत्पादन, खेती बिस्तार तथा सामुदायिक संकलन केन्द्र स्थापना गर्ने |
| ४ | सहकारी/समूह मार्फत जडिबुटी उत्पादन, खेती बिस्तार, भण्डारण, प्रशोधन र बजारीकरण | प्याकेज | ७ | सहकारी/समूह |
| ५ | जडिबुटी उत्पादन, खेती बिस्तार, भण्डारण | प्याकेज | ४ | कृषक/फर्म/समूह/सहकारी/उपभोक्ता समूह |

**नोट** :- थप जानकारीको लागि डिभिजन वन कार्यालय रुकुम पश्चिमको फोन नं ०८८-५३०३६९ र ९८५७८२४३०० मा सम्पर्क राखी जानकारी लिन सकिनेछ ।

कर्णाली प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय

# डिभिजन वन कार्यालय रुकुम पश्चिम

नयाँ युगबोध राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित मिति २०७८/०८/०१

## डिभिजन वन कार्यालय रुकुम पश्चिम

### प्रस्ताव पत्र आह्वान सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मितिः२०७८।०८।०१ गते

चालु आ व ०७८।०७९ को लागि उद्योग ,पर्यटन, वन तथा वातावरण मन्त्रालय कर्णालि प्रदेश सूर्खेत बाट यस कार्यालयको स्वीकृत तपसिलमा उल्लेखित कार्यक्रमहरु संचालनको लागी इच्छुक कृषकर्व्यवसायिर उद्दमि रसहकारीर समुहर समुदायर संस्थाबाट व्यवसायिक योजना सहित प्राविधिक तथा आर्थिक प्रस्ताव सूचना प्रकाशित भएको मितिले ३० (तिस) दिन भित्र यस कार्यालयमा पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको छ । पूर्ण व्यहोराको सूचनाको विवरण डिभिजन वन कार्यालय, जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समितिको कार्यालय, उद्योग बाणिज्य संघ, ६ वटै पालिका र प्रदेश लेखा इकाइ कार्यालय रुकुम पश्चिमको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ ।

तपसिल

| सि नं | कार्यक्रमको नाम | इकाइ | बजेट रु लाखमा | कैफियत |
|---|---|---|---|---|
| १ | निजि वन प्रवर्द्धन कार्यक्रम | प्याकेज | ४ | निजि जग्गामा वनजन्य/ जडिबुटी / फलफुल/ डालेघाँस लगाइ हुर्काउने निजि वन धनि /व्याक्ति वा संस्थाले प्रस्ताव पेश गर्ने |
| २ | साझेदारीमा कृषिवन प्रवर्द्धन कार्यक्रम | १ (परिमाण) | ४ | कृषक/ फर्म / समुह/ सहकारी / उपभोक्ता समुह |
| ३ | जडिबुटी विशेष क्षेत्र विकास कार्यक्रम | प्याकेज | ९० | त्रिवेणि ९, आठविसकोट ११ र १४, मुसिकोट १, बाँफिकोट ६ र ७, सानिभेरी १ र ६ र सन्नि त्रिवेणि २ का वडाहरुका समुह /जडिवुटी (फर्म ,व्यवसायि ,उद्दमि, कृषक)/ सहकारीले टिमुर, चिउरी, लौठ सल्ला ,काउलो, तेजपात र रोजमेरीको उत्पादन , खेति विस्तार तथा सामुदायिक संकलन केन्द्र स्थापना गर्न |
| ४ | सहकारी / समुह मार्फत जडिबुटी उत्पादन, खेति विस्तार ,भण्डारण, प्रशोधन र बजारीकरण | प्याकेज | ७ | सहकारी / समुह |
| ५ | जडिबुटी उत्पादन, खेति विस्तार, भण्डारण | प्याकेज | ४ | कृषक/ फर्म / समुह/ सहकारी / उपभोक्ता समुह |

नोट : थप जानकारीको लागी डिभिजन वन कार्यालय रुकुम पश्चिमको फोन नं ०८८( ५३०३४९ र ९८५७८२४३०० मा सम्पर्क राखि जानकारी लिन सकिनेछ ।

नि डिभिजनल बन अधिकृत

कर्णाली प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय

# डिभिजन वन कार्यालय रुकुम पश्चिम

## कार्यक्रम र शर्तहरु

### क. निजि वन प्रवर्धन कार्यक्रम

**१.कार्यक्रम/आयोजनाको नाम :** निजि वन प्रवर्धन कार्यक्रम
**२. कार्यक्रम /आयोजनाको उद्देश्य :** निजि व्यक्ति वा संस्थाले आफनो निजि हकभोगको जग्गामा वृक्षारोपण गरी निजि वन प्रवर्धन गर्न चाहनेहरुको लागि सहयोग गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो ।
**३. कार्यक्रम/आयोजनाको मुख्य कृयाकलापहरु :** निजि वन धनि /व्यक्ति /संस्थाले आफनो निजि हकभोगको ५ रोपनि भन्दा बढि क्षेत्रफल भएको जग्गामा बहुउपयोगी प्रजाति वनजन्य /जडिबुटि/फलफूल/डालेघाँस आदि प्रजातिको वृक्षारोपण गर्नुपर्नेछ ।
**४. अनुदान उपलब्ध गराउन सकिने कृयाकलापहरु :** वृक्षारोपणका लागि क्षेत्र छनौट, सर्भेक्षण, बिरुवा ढुवानी, कम्पोष्ट मल खरिद तथा ढुवानी र अन्य व्यवस्थापन सम्बन्धि कृयाकलाप, सो कार्यमा खटिने प्राविधिकको दैनिक भत्ता, ईन्धन लगायतमा उपलब्ध गराउन सकिने । निजि वन धनिले वृक्षारोपण गरिएको जग्गामा तारबार गर्न चाहेमा कुल लागतको ४० प्रतिशत सम्म वा १ लाखमा नबढ्ने गरि उपलब्ध गराउन सकिनेछ ।
**५: अनुदानग्राहीले पेश गर्नुपर्ने कागजात** : निजि वन धनि /व्यक्ति /संस्थाले प्रस्ताव पेश गर्दा ५ रोपनि भन्दा बढि क्षेत्रफल भएको वृक्षारोपण गर्न चाहेको जग्गाको जग्गाधनि प्रमाणपत्र अनिवार्य पेश गर्नुपर्ने छ । पेश गर्नुपर्ने अन्य कागजातको लिस्ट तल एकमुस्ट राखिएको छ ।
**६. अनुदानग्राहीको योग्यता र पालना गर्नुपर्ने शर्त:** निजि वन धनि /व्यक्ति /संस्थाले प्रस्ताव पेश गर्न सक्ने ।
**७. कार्यक्रम सन्चालन हुने स्थान:** रुकुम पश्चिम जिल्ला भित्र कुनै पनि स्थानमा गर्न सकिने । वृक्षारोपण गर्न चाहेको स्थान र बिरुवा प्रजाति, प्राविधिक हिसाबले उपयुक्त हुनुपर्नेछ ।
**८. अनुदानग्राहीको तर्फबाट पेश गर्नुपर्ने साझेदारी:** सहकारी र लक्षित वर्गको लागि संचालन हुने कार्यक्रमको हकमा कुल लागतको अधिकतम ३० प्रतिशतसम्म र निजि फर्म वा उद्यमीको हकमा ५० प्रतिशतसम्म अनुदानग्राहीले लगानी गर्नुपर्नेछ ।
**९.अनुदानग्राहीले पाउन सक्ने अधिकतम वस्तुगत सहायता वा रकमको सीमा :** उपलब्ध गराइने अनुदानको सिमा सहकारी र लक्षित वर्गको लागि संचालन हुने कार्यक्रमको हकमा कुल लागतको अधिकतम सत्तरी प्रतिशतसम्म र निजि फर्म वा उद्यमीको हकमा पचास प्रतिशतसम्म हुनेछ ।
**१०. लाभान्वित संख्या देखिने उपलब्धी मुल्याङ्कन सुचक:** लाभान्वित हुने, घरधुरी संख्या, रोजगारी संख्या, आय, आदि ।
**११. निवेदन पेश गर्नुपर्ने निकाय र अपनाउनुपर्ने प्रकिया :** डिभिजन वन कार्यालयमा व्यवसायिक योजना समेटिएको प्राविधिक तथा आर्थिक प्रस्ताव सहितको निवेदन पेश गर्नुपर्ने छ ।

### ख.साझेदारीमा कृषिवन प्रवर्धन कार्यक्रम

**१.कार्यक्रम/आयोजनाको नाम :** साझेदारीमा कृषिवन प्रवर्धन कार्यक्रम
**२. कार्यक्रम /आयोजनाको उद्देश्य :** आफनो गाउँको बारी बर्षौदेखि बाँझो राखि बैदेशिक रोजगारीमा हिडेका र अहिलेको विश्व कोरोना महामारीबाट आक्रान्त भई आफनै गाउँ आफनै माटोमा केही गर्छु भनेर बसेका युवाहरुलाई कृषिवन तर्फ आकर्षित गरी युवाश्रम र जमिनको उच्चतम प्रयोग गर्दै फिल्डस्तरमा उत्कृष्ट कार्य गर्दै आइरहेका कृषकलाई थप प्रोत्साहन गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो ।

**३. कार्यक्रम/आयोजनाको मुख्य कृयाकलापहरु:** डिभिजन वन कार्यालयमा दर्ता भएका ईच्छुक कृषक/समुह/सहकारी/उपभोक्ता समुहले आफनो हकभोगको जग्गामा छिटै प्रतिफल दिने कृषिबाली संगै वनबाली लगाउनुपर्नेछ । यस कार्यक्रम अन्तर्गत कुनै सार्वजनिक खाली जग्गामा कृषि प्रजातिका बिरुवाहरु लगाउन सकिनेछ ।
**४. अनुदान उपलब्ध गराउन सकिने कृयाकलापहरु :** वृक्षारोपणका लागि क्षेत्र छनौट, सर्भेक्षण, बिरुवा ढुवानी, कम्पोष्ट मल खरिद तथा ढुवानी र अन्य व्यवस्थापन सम्बन्धि कृयाकलाप, । कृषकले वृक्षारोपण गरिएको जग्गामा तारबार गर्न चाहेमा कुल लागतको ४० प्रतिशत सम्म वा १ लाखमा नबढ्ने गरि उपलब्ध गराउन सकिनेछ ।
**५: अनुदानग्राहीले पेश गर्नुपर्ने कागजात** : पेश गर्नुपर्ने अन्य कागजातको लिस्ट तल एकमुस्ट राखिएको छ ।
**६. अनुदानग्राहीको योग्यता र पालना गर्नुपर्ने शर्त:** कृषकले आफनो जग्गामा वनबालिको रुपमा बिकास गर्न चाहेको प्रजाति र संख्या तोकि सो जग्गाको फिल्ड स्तरमा निरिक्षण गरी सब-डिभिजन वन कार्यालयको सिफारिस सहित डिभिजन वन कार्यालयमा निवेदन र प्रस्ताव पेश गर्नुपर्ने छ ।
**७. कार्यक्रम सन्चालन हुने स्थान:** रुकुम पश्चिम जिल्ला भित्र कुनै पनि स्थानमा गर्न सकिने । संकलित प्रस्तावहरुको मूल्याङकन पश्चात कृषक छनौट गरी कुनै एक स्थानमा मात्र यो कार्यक्रम कार्यान्वयन गरिनेछ ।

कर्णाली प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय

# डिभिजन वन कार्यालय रुकुम पश्चिम

८. **अनुदानग्राहीको तर्फबाट पेश गर्नुपर्ने साझेदारी**: सहकारी र लक्षित वर्गको लागि संचालन हुने कार्यक्रमको हकमा कुल लागतको अधिकतम ३० प्रतिशतसम्म र निजि फर्म वा उद्यमीको हकमा ५० प्रतिशतसम्म अनुदानग्राहीले लगानी गर्नुपर्नेछ।
९.**अनुदानग्राहीले पाउन सक्ने अधिकतम वस्तुगत सहायता वा रकमको सीमा** : उपलब्ध गराइने अनुदानको सिमा सहकारी र लक्षित वर्गको लागि संचालन हुने कार्यक्रमको हकमा कुल लागतको अधिकतम सत्तरी प्रतिशतसम्म र निजि फर्म वा उद्यमीको हकमा पचास प्रतिशतसम्म हुनेछ।
१०. **लाभान्वित संख्या देखिने उपलब्धी मुल्याङ्कन सुचक**: लाभान्वित हुने, घरधुरी संख्या, रोजगारी संख्या, आय, आदि।
११. **निवेदन पेश गर्नुपर्ने निकाय र अपनाउनुपर्ने प्रकिया** : डिभिजन वन कार्यालय, रुकुम पश्चिममा व्यवसायिक योजना समेटिएको प्राविधिक तथा आर्थिक प्रस्ताव सहितको निवेदन पेश गर्नुपर्ने छ।

## ग.जडिबुटि विशेष क्षेत्र बिकास कार्यक्रम

१.**कार्यक्रम/आयोजनाको नाम** : जडिबुटि विशेष क्षेत्र बिकास कार्यक्रम
२. **कार्यक्रम /आयोजनाको उद्देश्य** : यस कार्यक्रमको उद्देश्य कर्णाली प्रदेशमा पाईने महत्तवपूर्ण जडिबुटि एवं गैरकाष्ठ वन पैदावरको दिगो संरक्षण र बिकास तथा व्यवसायीकरणको लागि प्राकृतिक स्रोत कात्र पर्याप्त नहुने भएकोले कबुलियति वन, सामुलायिक वन, साझेदारी वन तथा अन्य निजि वा एंव समूहगत जडिबुटि एवं गैरकाष्ठ वन पैदावरका खेतिलाई प्रोत्साहन गर्ने रहेको छ।

३. **कार्यक्रम/आयोजनाको मुख्य कृयाकलापहरु** : जडिबुटि क्षेत्र तहगत रुपमा -क्रमशः सानोबाट ठूलो) पकेट, ब्लक, जोन र सुपरजोन रहने छन् । प्रत्येक तहको विशेषता, संरचना र आवश्यकताको आधारमा निम्नलिखित कार्यक्रमहरु गर्न सकिनेछ।

- पकेट : असल खेति तथा संकलन विधि सहितको जडिबुटि खेति गर्ने / गराउने
- ब्लक : पकेट क्षेत्रमा गरिने कार्यलाई यथावत राख्दै प्रत्येक ब्लक क्षेत्रमा एउटा संकलन केन्द्र रहनुपर्ने
- जोन : पकेट र ब्लक क्षेत्रमा गरिने कार्यहरुलाई यथावत राख्दै प्रत्येक जोन क्षेत्रमा एउटा प्रशोधन केन्द्र स्थापना गरिनुपर्ने
- सुपरजोन : पकेट , ब्लक र जोन क्षेत्रमा गरिने कार्यहरुलाई यथावत राख्दै प्रत्येक सुपरजोन क्षेत्रमा जडिबुटिमा आधारीत वस्तुहरु उत्पादन तथा निकासी सेवा।

४. **खेति गर्न सकिने प्रजातिहरु** : टिमुर, चिउरी, लौठ सल्ला, काउलो, तेजपात र रोजमेरी
५: **अनुदानग्राहीले पेश गर्नुपर्ने कागजात** : पेश गर्नुपर्ने अन्य कागजातको लिस्ट तल एकमुस्ट राखिएको छ।
६. **अनुदानग्राहीको योग्यता र पालना गर्नुपर्ने शर्तः** रुकुम पश्चिम जिल्ला भित्र त्रिवेणी ९, आठविसकोट ११ र १४, मुसिकोट १, बाँफिकोट ६ र ७ र सानीभेरी १ र ६ र सन्नी त्रिवेणी २ का वडाहरुका समूह/जडिबुटि (फर्म, व्यवसायी, उद्यमी र कृषक /सहकारीले प्रस्ताव पेश गर्न सक्ने
७. **कार्यक्रम सन्चालन हुने स्थानः** रुकुम पश्चिम जिल्ला भित्र त्रिवेणी ९, आठविसकोट ११ र १४, मुसिकोट १, बाँफिकोट ६ र ७ र सानीभेरी १ र ६ र सन्नी त्रिवेणी २ का स्थानमा गर्न सकिने।
८. **अनुदानग्राहीको तर्फबाट पेश गर्नुपर्ने साझेदारी**: सहकारी र लक्षित वर्गको लागि संचालन हुने कार्यक्रमको हकमा कुल लागतको अधिकतम ३० प्रतिशतसम्म र निजि फर्म वा उद्यमीको हकमा ५० प्रतिशतसम्म अनुदानग्राहीले लगानी गर्नुपर्नेछ।
९.**अनुदानग्राहीले पाउन सक्ने अधिकतम वस्तुगत सहायता वा रकमको सीमा** : उपलब्ध गराइने अनुदानको सिमा सहकारी र लक्षित वर्गको लागि संचालन हुने कार्यक्रमको हकमा कुल लागतको अधिकतम सत्तरी प्रतिशतसम्म र निजि फर्म वा उद्यमीको हकमा पचास प्रतिशतसम्म हुनेछ।
१०. **लाभान्वित संख्या देखिने उपलब्धी मुल्याङ्कन सुचक**: लाभान्वित हुने, घरधुरी संख्या, रोजगारी संख्या, आय, आदि।
११. **निवेदन पेश गर्नुपर्ने निकाय र अपनाउनुपर्ने प्रकिया** : डिभिजन वन कार्यालय, रुकुम पश्चिममा व्यवसायिक योजना समेटिएको प्राविधिक तथा आर्थिक प्रस्ताव सहितको निवेदन पेश गर्नुपर्ने छ।

कर्णाली प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय

# डिभिजन वन कार्यालय रुकुम पश्चिम

घ. सहकारी / समुह मार्फत जडिबुटी उत्पादन, खेति विस्तार ,भण्डारण, प्रशोधन र बजारीकरण

**१.कार्यक्रम/आयोजनाको नाम :** सहकारी / समुह मार्फत जडिबुटी उत्पादन, खेति विस्तार ,भण्डारण, प्रशोधन र बजारीकरण

**२. कार्यक्रम /आयोजनाको उद्देश्य :** सहकारी तथा समूहद्वारा महत्वपूर्ण जडिबुटिको संरक्षण र पुर्नउत्पादनसिल क्षमताको संरक्षण गर्न, असल खेति पद्धति विकास गर्न, जडिबुटि खेति विस्तार, भण्डारण, प्रशोधन र बजारिकरण गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो ।

**३. कार्यक्रम/आयोजनाको मुख्य कृयाकलापहरु:** जडिबुटि उत्पादन, खेति विस्तार, भण्डारण, प्रशोधन र बजारिकरण
**४. अनुदान उपलब्ध गराउन सकिने कृयाकलापहरु : जडिबुटि** वृक्षारोपण, जडिबुटि भण्डारण घर निर्माण तथा प्रशोधन सामाग्री खरिदका लागि रकम उपलब्ध गराउन सकिनेछ ।
**५: अनुदानग्राहीले पेश गर्नुपर्ने कागजात :** पेश गर्नुपर्ने कागजातको लिस्ट तल एकमुस्ट राखिएको छ ।
**६. अनुदानग्राहीको योग्यता र पालना गर्नुपर्ने शर्तः** सहकारी तथा समूहले प्रस्ताव पेश गर्न सक्ने ।
**७. कार्यक्रम सन्चालन हुने स्थानः** रुकुम पश्चिम जिल्ला भित्र कुनै पनि स्थानमा गर्न सकिने ।
**८. अनुदानग्राहीको तर्फबाट पेश गर्नुपर्ने साझेदारीः** सहकारी र लक्षित वर्गको लागि संचालन हुने कार्यक्रमको हकमा कुल लागतको अधिकतम ३० प्रतिशतसम्म अनुदानग्राहीले लगानी गर्नुपर्नेछ ।
**९.अनुदानग्राहीले पाउन सक्ने अधिकतम वस्तुगत सहायता वा रकमको सीमा :** उपलब्ध गराइने अनुदानको सिमा सहकारी र लक्षित वर्गको लागि संचालन हुने कार्यक्रमको हकमा कुल लागतको अधिकतम सत्तरी प्रतिशतसम्म हुनेछ ।
**१०.लाभान्वित संख्या देखिने उपलब्धी मुल्याङकन सुचकः** लाभान्वित हुने, घरधुरी संख्या, रोजगारी संख्या, आय, आदि ।
**११. निवेदन पेश गर्नुपर्ने निकाय र अपनाउनुपर्ने प्रकिया :** डिभिजन वन कार्यालय, रुकुम पश्चिममा व्यवसायिक योजना समेटिएको प्राविधिक तथा आर्थिक प्रस्ताव सहितको निवेदन पेश गर्नुपर्ने छ ।

ङ. जडिबुटी उत्पादन, खेति विस्तार ,भण्डारण

**१.कार्यकम/आयोजनाको नाम :** जडिबुटी उत्पादन, खेति विस्तार ,भण्डारण
**२. कार्यक्रम /आयोजनाको उद्देश्य :** कृषक/फर्म/समूह/सहकारी/उपभोक्ता समूहद्वारा महत्वपूर्ण जडिबुटिको संरक्षण र पुर्नउत्पादनसिल क्षमताको संरक्षण गर्न, असल खेति पद्धति विकास गर्न, जडिबुटि खेति विस्तार, तथा भण्डारण गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो ।

**३. कार्यक्रम/आयोजनाको मुख्य कृयाकलापहरु:** जडिबुटि उत्पादन, खेति विस्तार, भण्डारण,
**४. अनुदान उपलब्ध गराउन सकिने कृयाकलापहरु :** जडिबुटि वृक्षारोपण, जडिबुटि भण्डारण घर निर्माणका लागि रकम उपलब्ध गराउन सकिनेछ ।
**५: अनुदानग्राहीले पेश गर्नुपर्ने कागजात :** पेश गर्नुपर्ने कागजातको लिस्ट तल एकमुस्ट राखिएको छ ।
**६. अनुदानग्राहीको योग्यता र पालना गर्नुपर्ने शर्तः** कृषक/फर्म/समूह/सहकारी/उपभोक्ता समूहले प्रस्ताव पेश गर्न सक्ने ।
**७. कार्यक्रम सन्चालन हुने स्थानः** रुकुम पश्चिम जिल्ला भित्र कुनै पनि स्थानमा गर्न सकिने ।
**८. अनुदानग्राहीको तर्फबाट पेश गर्नुपर्ने साझेदारीः** सहकारी र लक्षित वर्गको लागि संचालन हुने कार्यक्रमको हकमा कुल लागतको अधिकतम ३० प्रतिशतसम्म अनुदानग्राहीले लगानी गर्नुपर्नेछ ।
**९.अनुदानग्राहीले पाउन सक्ने अधिकतम वस्तुगत सहायता वा रकमको सीमा :** उपलब्ध गराइने अनुदानको सिमा सहकारी र लक्षित वर्गको लागि संचालन हुने कार्यक्रमको हकमा कुल लागतको अधिकतम सत्तरी प्रतिशतसम्म हुनेछ ।
**१०.लाभान्वित संख्या देखिने उपलब्धी मुल्याङकन सुचकः** लाभान्वित हुने, घरधुरी संख्या, रोजगारी संख्या, आय, आदि ।
**११. निवेदन पेश गर्नुपर्ने निकाय र अपनाउनुपर्ने प्रकिया :** डिभिजन वन कार्यालय, रुकुम पश्चिममा व्यवसायिक योजना समेटिएको प्राविधिक तथा आर्थिक प्रस्ताव सहितको निवेदन पेश गर्नुपर्ने छ ।

कर्णाली प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय

# डिभिजन वन कार्यालय रुकुम पश्चिम

## पेश गर्नुपर्ने प्रस्ताव तथा अन्य कागजात (सम्पूर्ण कार्यक्रमको लागि )

प्रस्तावकले निम्न बमोजिम कागजात तथा विवरण समेतको व्यवसायिक योजना समेटिएको प्राविधिक तथा आर्थिक प्रस्ताव छुटा छुटै खाममा राखि पेश गर्नु पर्नेछ ।

१) प्रस्ताव पेश गर्ने व्यक्ति/संस्थाको नाम ठेगाना, नेपाली नागरिकता प्रमाण पत्र, जग्गाधनि प्रमाण पत्र, फर्म संस्था, कम्पनी भए संस्थाको प्रमाण पत्र, दर्ता प्रमाण पत्र अन्य व्यवसाय दर्ता भएको भए प्रमाण पत्र, मु.अ.कर दर्ता प्रमाण पत्र, र स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाण पत्रको प्रतिलिपि, गत आ.व. सम्मको कर चुक्ता विवरण प्रमाणित प्रतिलिपि सहितको विस्तृत कागजात ।

२) प्रस्ताव पेश गर्ने प्रस्तावकले प्राविधिक तथा आर्थिक प्रस्तावमा निम्न विवरणहरु समावेश गरी सिलबन्दी गरी सुचना प्रकाशन भएको मितिले एक महिना भित्र कार्यालय समयमा पेश गर्नु पर्नेछ ।

क) कार्यक्रमको आवश्यकता, औचितय र नतिजा,
ख) कार्यक्रम सम्पन्न गर्न लाग्ने समय र लागत,
ग)कार्यक्रमबाट लाभान्वित हुने जनसंख्या र लाभप्राद व्यवसायिक योजना,
घ)बजेटको उपलब्धता
ङ) अनुदानग्राहीबाट हुने लागत सहभागिता
च) लक्षित वर्गको आर्थिक, सामाजिक, भौगोलिक अवस्था,
छ) अनुदाग्राहीको संस्थागत क्षमता
ज) कार्यक्रमको अपेक्षित नतिजा र दिगोपना,
झ) अनुदान रकमसंग सम्बन्धित स्पष्ट कार्ययोजना (प्राविधिक तथा आर्थिक योजना)
ण) कच्चा पदार्थको उपलब्धताको सुनिश्चतता, रोजगारी श्रृजना ।
त) यस्तै प्रकृतिको काममा अघिल्ला आर्थिक वर्षमा गरेको कामको प्रगति अवस्था ।

३) सामूदायिक वन वा कबुलियति वन क्षेत्रमा गरिने भए कार्ययोजनामा भएको व्यवस्था, उपभोक्ता समुहको सहमतिको निर्णय ।
४) एक जनाको नाममा स्वीकृत भइसकेको प्रस्ताव पत्रको स्वामित्व अर्को व्यक्ति वा फर्मलाई बेच विखन तथा हस्तान्तरण गर्न पाइने छैन ।
५) सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ र अन्य प्रचलित ऐन, नियम, कानूनको परिधि भित्र रहि प्रस्ताव पत्र पेश गनु पर्नेछ ।
६) म्याद नाघि प्राप्त भएको प्रस्ताव पत्र उपर कुनै कारवाहि हुने छैन ।
७) सार्वजनिक खरिद अनुगमन कार्यालयले कालो सुचिमा राखेका व्यक्ति, फर्म संस्था वा कम्पनिले भाग लिन पाउने छैनन् ।
८)प्रस्ताव पत्रको लागि प्रकाशित सुचना अनुसार आवश्यक पर्ने सम्पुर्ण कागजातहरु अनिवार्य रुपमा प्रस्ताव पत्र साथ पेश गर्नुपर्ने अन्यथा प्रस्ताव पत्र मान्य हुने छैन ।
९) विगत ३ (तिन) वर्ष देखि अनुदान प्राप्त गरेका उस्तै प्रकृतिका प्रस्ताव उपर कुनै कारवाही हुने छैन ।
१०) प्रस्ताव पत्र सम्बन्धि अन्य कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क गरी बुझ्न सकिनेछ ।